DAO Registration: 113/047/48 SWC Reg. No:18050 PAN: 301927530

# Nepal Public Health Association (NEPHA)

# नेपाल जनस्वास्थ्य संघ

Central Office

**President**
Shree Krishna Bhatta

**Immediate Past President**
Bhogendra Raj Dotel

**Vice-President**
Dr Krishna Man Shakya

**General Secretary**
Maheshwar Shrestha

**Secretary**
Dipendra Khadka

**Treasurer**
Binod Joshi

**Sub-Treasurer**
Sanjeev Kumar Shah

**Members**
Ravi Kanta Mishra
Kamal Ranabhat
Nidhu Ram Dangal
Rajan Babu Silwal
Kailash Khaki Shrestha
Ram Chandra Sinha
Prajita Mali
Bimala Bhatta
Roshan Lama

मिति : २०७७-०६-०१

## हार्दिक अपील

विश्वभरि कोरोनाभाइरसबाट सङ्क्रमित हुने र ज्यान गुमाउने मानिसको सङ्ख्या बढिरहेको छ। नेपालमा पनि कोभिड-१९ को सक्रमण पुष्टि हुने र यो रोगवाट ज्यान गुमाउने संख्या दिनानु दिन बढ्ने क्रम जारी छ। जनजीवन सहज बनाउन नेपाल सरकारले लामो समयसम्म रहेको निषेधाज्ञा हटाउने तथा लामो दुरीको यातायात समेत सुचारु गर्ने निर्णय गरेको छ यसले गर्दा सवैले विशेष सावधानी नअपनाउदा समुदायमा संक्रमण बढ्ने खतराको सम्भावना अत्यधिक हुने देखिन्छ । तसर्थ यसको रोकथाम तथा नियन्त्रणको लागि जनस्वास्थ्यका मापदण्डहरु जस्तै भौतिक दुरी २ मिटर हुनुपर्ने, सकेसम्म घरमा नै बस्ने तर काम विशेषले घर बाहिर जानु पर्ने भएमा मास्क लगाएर मात्र निस्कन हुन तथा उचित प्रकारले हात धुने र सरसफाईमा बिशेष ध्यान दिनुहुन सर्वसाधारण सबैलाई नेपाल जनस्वास्थ्य संघ हार्दिक अनुरोध गर्दछ।

पछिल्लो समयमा संचार माध्यममा पूर्ण ज्ञान नभएका केही व्यक्तिहरुवाट कोभिड-१९ को वारेमा यो महामारी होईन, यसले मृत्यु गराउदैंन, विद्यमान सुरक्षाका प्रावधानहरु आवश्यक नभएको जस्ता अफवाह फैलाउने क्रियाकलापहरु भैरहेको परि पक्षमा यस्ता अफवाहको पछी नलाग्न र जनस्वास्थ्यका मापदण्डहरुको पूर्ण पालना गर्नुहुन सम्पूर्ण जन साधारणामा नेपाल जनस्वास्थ्य संघ हार्दिक अपिल गर्दछ। साथै यस किसिमका अफवाह फैलाउने कार्यहरु नगर्नु नगराउनु सम्बन्धित सवैमा आह्वान गर्दछौं । विश्वव्यापि महामारीको समयमा गलत सूचनाले महामारी नियन्त्रणामा ठूलो असर पर्न सक्ने हुंदा गलत सूचनाबाट आम जनसमुदाय सजग हुन हार्दिक आह्वान गर्दछौं । कोभिड-१९ को महामारीलाई रोकथाम तथा नियन्त्रण गर्न सबैले आ -आफ्नो स्थानबाट सहयोग गर्नुका साथै सम्पूर्ण जनस्वास्थ्यकर्मीहरुलाई यो संक्रमणको नियन्त्रण तथा ब्यबस्थापनमा सहयोग गर्नु हुन नेपाल जनस्वास्थ्य संघ अपील गर्दछ।

श्रीकृष्ण भट्ट
अध्यक्ष

Talchhikhel, Lalitpur, Nepal
Ph: 01-5549509; P.O.Box-3780
Email: nepalpublichealthassociation@gmail.com
Website: www.nepha.org.np

We are affiliated with WFPHA and SEARO-FPHA